# सुचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५को उपदफा ३ बमोजिम सार्वजनिक गरिएको बिवरण ।

सूचना सार्वजनिक गर्ने निकाय : नेपाल धितोपत्र बोर्ड
सूचना सार्वजनिक गरेको अवधि : तेस्रो त्रैमास, आ.ब.२०७७१०७८

## १.नेपाल धितोपत्र बोर्डको स्वरुप र प्रकृति :

धितोपत्र कारोवार ऐन, २०४० अनुसार सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हकहित संरक्षण गर्न, उद्योगधन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट यसको नियामक निकायको रुपमा वि.सं.२०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरिएको हो । धितोपत्र बोर्डलाई अंग्रेजीमा Securities Board of Nepal (SEBON) भनिन्छ ।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, विक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ । साथै, २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ ।

❖ **दीर्घकालीन सोच** :
स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पूँजी निर्माण गर्ने ।

❖ **लक्ष्य(Goal)** :
सबल, गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने ।

❖ **उद्देश्य(Objectives)** :

- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउने ।
- लगानीकर्ताको हित संरक्षण गर्ने ।
- बजार नियमन तथा सुपरिवेक्षण गर्ने ।
- बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।
- बजारको प्रणालीगत जोखिमलाइ न्यूनीकरण गर्ने ।

- पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

❖ **मूल मान्यता (Core Values) :**

पुँजी बजारलाई स्वच्छ, पारदर्शी, जवाफदेही, विश्वसनीय, गतिशील एवम् प्रतिस्पर्धी बनाउने ।

❖ **.रणनीति (Strategy) :**

- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धा र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।
- कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउने ।
- धितोपत्र बजारमा साना र स्वेदशी तथा विदेशी लगानीकर्ताको आर्कषण बढाउने ।
- बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्ने

## ❖ बोर्डको संचालक समिति :


धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम बोर्डमा देहायबमोजिमको ७ सदस्यीय संचालक समिति रहने व्यवस्था छ :

| | | |
|---|---|---|
| धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानुन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकार(मन्त्रिपरिषद)बाट नियुक्त व्यक्ति | अध्यक्ष | श्री भिष्मराज ढुङ्गाना |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य | श्री श्रीकृष्ण नेपाल |
| सह-सचिव, कानुन,न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | सदस्य | श्री निर्मला अधिकारी भट्टराई |
| कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैक | सदस्य | डा. गुणाकर भट्ट |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | सदस्य | श्री युद्ध राज ओली |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य | श्री चन्द्र प्रसाद ढकाल |
| पुँजीबजार विज्ञहरुमध्ये नेपाल सरकार(अर्थ मन्त्रालय)बाट मनोनित एक व्यक्ति | विज्ञ सदस्य | श्री अशोक कुमार पौडेल |

### ❖ बोर्डको संगठनात्मक स्वरुप :

नेपाल धितोपत्र बोर्डको संगठन स्वरुप देहाय बमोजिम रहेको छ ।

बोर्डको संगठनात्मक ढाँचा



## २. बोर्डको काम कर्तब्य र अधिकार :

धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन् :

- धितोपत्र बजार संचालन अनुमति दिने, धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने तथा धितोपत्र व्यवसायीको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।

- पुँजी बजारको विकाससँग सम्वन्धित विषयका सम्वन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार परामर्श दिने ।
- सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।
- धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने ।
- पुँजी बजारको बिकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा कारोवारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने ।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमित तथा व्यवस्थित गर्ने ।
- धितोपत्र बजारको सम्वर्द्धन, प्रवर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्वन्धमा आवश्यक देखेको निर्देशन सम्वन्धित संगठित संस्थालाई दिने ।
- धितोपत्र वा कम्पनी सम्वन्धी मामिलाका सम्वन्धमा सुपरिवेक्षण तथा नियमन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।
- धितोपत्र तथा पुँजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने गराउने ।
- धितोपत्र सम्बन्धी ऐन बमोजिम बोर्डले पुँजीबजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरुलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ ।

**धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डका देहाय बमोजिमका विशेष अधिकारहरु रहेका छन्**

- धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानुन बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन तथा निर्धारित समयभित्र धितोपत्र बाँडफाँट नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,
- धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने तथा धितोपत्र सूचीकरण गराउन वा धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,
- धितोपत्र बजारको सञ्चालक समिति पुनर्संरचना गर्न धितोपत्र बजारलाई निर्देशन दिने,
- धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी उक्त ऐनको दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने,
- धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,
- धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने लगायतका अन्य अधिकारहरु समेत बोर्डमा रहेका छन् ।

**वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय अनुसारका काम, कर्तव्य र अधिकारहरु रहेका छन् :**

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।

- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने ।
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## ३.बोर्डमा कार्यरत रहेका कर्मचारी संख्या र कार्य विवरण:

| तह | संख्या | कार्य बिबरण |
|---|---|---|
| अध्यक्ष | १ | संस्था प्रमुख |
| कार्यकारी निर्देशक | १ | विभागीय प्रमुख |
| उप-कार्यकारी निर्देशक | ६ | महाशाखा प्रमुख |
| निर्देशक | ९ | शाखा प्रमुख |
| का.मु.निर्देशक | २ | शाखा प्रमुख |
| सहायक निर्देशक | २२ | कार्यालयको कार्य |
| का.मु.सहायक निर्देशक | २ | कार्यालयको कार्य |
| सहायक प्रथम | ७ | कार्यालयको कार्य |
| सहायक द्वितीय | १ | कार्यालयको कार्य |
| सवारी चालक | ३ | सवारी चालक |
| सहयोगी | ९ | कार्यालय सहयोगी |
| जम्मा | ६३ | |

## ४. बोर्डबाट प्रदान गरिने सेवाहरु :

क) संस्थागत वित्त तथा सामूहिक लगानी कोष शाखा

| क.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | धितोपत्र दर्ता | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३ बमोजिमको कागजातहरु | निर्देशक, संस्थागत वित्त तथा सामूहिक लगानी कोष शाखा | दर्ता दस्तुर बुझाएको ७ कार्य दिन / प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले त्यस्तो धितोपत्र दर्ता गर्ने छैन । | निवेदन दस्तुर: रु.२०,०००।-<br>**दर्ता दस्तुर (धितोपत्र निष्काशन मूल्यको):**<br>१) शेयर: ०.२ प्रतिशत<br>२) डिवेन्चर तथा बन्ड: ०.१५ प्रतिशत<br>३) सामुहिक लगानी योजना अन्तर्गतको एकाई:<br>(क) योजनाको कुल रकम एक अर्व रुपैया भन्दा कम भएमा ०.१० प्रतिशत वा न्यूनतम पाँच लाख रुपैया<br>(ख) योजनाको कुल रकम एक अर्व रुपैया देखि दुई अर्व रुपैयासम्म भएमा ०.०७५ प्रतिशत वा न्यूनतम दशलाख रुपैया<br>(ग) योजनाको कुल रकम दुई अर्व रुपैया भन्दा माथि भएमा ०.०५ प्रतिशत वा न्यूनतम पन्ध्रलाख रुपैया<br>४) अन्य धितोपत्र: ०.१० प्रतिशत | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन तथा व्यवस्थापन विभाग |
| २ | **विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिकाको** | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष | | | प्रशोधन शुल्क रु.२५,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **जाँचबुझ तथा सुधार एवं संशोधन गर्न रायप्रतिक्रिया दिने** | निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | | | | |
| ३ | **विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिका प्रकाशन गर्न स्वीकृत प्रदान गर्ने** | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश गरी धितोपत्र दर्ता दस्तुर बुझाएका ७ कार्य दिन | | | |
| ४ | **अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र दर्ता** | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २९ | | ऋणपत्र दर्ता : दर्ता दस्तुर बुझाएको ७ कार्य दिन<br>विवरणपत्र प्रकाशनको स्वीकृति : सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश भएको ७ कार्य दिन | धितोपत्र निष्काशन मूल्यको ०.१० प्रतिशत | | |
| **ख) धितोपत्र बजार तथा व्यापारी शाखा** | | | | | | | |
| १ | धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार | निर्देशक, धितोपत्र बजार तथा | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट | **धितोपत्र दलाल:**<br>निवेदन दस्तुर - रु. १०,०००।- | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्मातालाई धितोपत्र व्यवसाय गर्नको लागि अनुमति पत्र प्रदान गर्ने | निर्माता) नियमावली, २०६४ को नियम ३ बमाजिमको बिवरण तथा कागजात । | व्यापारी शाखा | प्राप्त भएपछि प्रकृया अगाडी बढने । | अनुमति दस्तुर - रु. १०,०००।-,<br>**धितोपत्र व्यापारी :**<br>निवेदन दस्तुरः रु.२५,०००।-,<br>अनुमति दस्तुरः रु. २००,०००।- | | तथा व्यवस्थापन विभाग |
| २ | शेयर बिक्री वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम १२ को उपनियम (५) बमाजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयरको बिक्री मूल्यको शून्य दशमलव पच्चीस प्रतिशत | | |
| ३ | आधिकारिक प्रतिनिधिको दर्ता | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २३ बमोजिम योग्यता पुगेको तथा सोही नियमावलीको नियम २१ को उपनियम (३) बमोजिमको निवेदन, बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| ४ | धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताको अनुमति नबिकरण गर्ने । | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को अनुसूचि ८ बमोजिमको ढाँचामा निवेदन तथा सक्कल प्रमाण पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **धितोपत्र दलाल** :-<br>रु. ५०,०००।-,<br>**धितोपत्र व्यापारी तथा बजार निर्माता** :-<br>रु.१००,००० ।-<br>प्रतिलिपी शुल्कः रु.५०००। | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) गर्नको लागी अनुमति पत्र प्रदान गर्ने ।** | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **निष्काशन तथा बिक्री प्रबन्धक:**<br>निवेदन दस्तुर रु. २५,०००।-,<br>अनुमति दस्तुर रु. ३००,०००।-<br>**शेयर रजिष्ट्रेशन:**<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमति पत्र दस्तुर रु. २००,०००।-<br>**धितोपत्र प्रत्याभूति:**<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमतिपत्र दस्तुर रु. ३००,०००।-<br>**लगानी व्यवस्थापन:**<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. २००,०००।-<br>**लगानी परामर्श:**<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. ३००,०००।- | | |
| ६ | **शेयर विक्रि वा हस्तान्तरण गर्दा अभिलेख गर्ने** | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १० को उपनियम (७) बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयरको बिक्री मूल्यको शून्य दशमलव तीन प्रतिशत | | |
| ७ | **धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) को अनुमति पत्र नविकरण गर्ने ।** | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७ बमोजिम निवेदन तथा सक्कल अनुमतिपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि ३० दिन भित्र । | निष्काशन तथा बिक्री प्रबन्ध रु. १५०,०००।-,<br>शेयर रजिष्ट्रेशन रु. १००,०००।-,<br>धितोपत्र प्रत्याभूति रु. १५०,०००।-,<br>लगानी व्यवस्थापन रु. १००,०००।-<br>लगानी परामर्श: रु. १५०,०००।- | | |
| ८ | **अनुमतिपत्रको प्रतिलिपि प्रदान गर्ने** | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७क | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ७ दिन भित्र । | प्रतिलिपि शुल्क रु.१०,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बमोजिम विवरण तथा कागजात | | | | | |
| ९ | **धितोपत्र बजार संचालन गर्न सिफारिस प्रदान गर्ने** | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ३ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु.२५,०००।- | | |
| १० | **धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने ।** | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ४ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. ५,००,०००।- | | |
| ११ | **धितोपत्र बजार संचालन अनुमतिपत्र नबिकरण गर्ने ।** | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ८ बमोजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. ३,००,०००।- | | |
| १२ | **सामुहिक लगानी कोष दर्ता गर्ने** | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम ३ बमोजिम योग्यता पूरा भएको तथा नियम ४ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५०,०००।-<br>दर्ता दस्तुर रु. १०,००,०००।- | | |
| १३ | **योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र प्रदान गर्ने** | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम १४ र १५ बमोजिम योग्यता पूरा भएको तथा नियम १३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **अनुमतिपत्र दस्तुर**<br>योजना व्यवस्थापक रु.५,००,०००।-<br>डिपोजिटरी रु.१००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | **योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण गर्ने** | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम १७ बमेजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | **अनुमतिपत्र दस्तुर**<br>योजना व्यवस्थापक रु.१,००,०००।-<br>डिपोजिटरी रु.२५,०००।- | | |
| १५ | **कोष सुपरिवेक्षक नियुक्ति गर्न स्वीकृति प्रदान गर्ने** | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ७ बमोजिम योग्यता पूरा भई सोही नियमावलीको नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| १६ | **धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र प्रदान गर्ने** | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. २५,०००।-<br>अनुमतिपत्र दस्तुर रु.५,००,०००।- | | |
| १७ | **धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण गर्ने** | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ बमोजिमको निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु.३,००,०००। - | | |
| १८ | **केन्द्रीय निक्षेप कम्पनीको शेयर बिक्री वा हस्तान्तरण गर्ने** | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम १६ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयर बिक्री मूल्यको ०.५ प्रतिशत | | |
| १९ | **निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गर्ने ।** | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २० बमोजिम योग्यता पूरा भई नियम २१ | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५,०००।-<br>अनुमतिपत्र दस्तुर रु.५०,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बमोजिमको विवरण तथा कागजात । | | | | | |
| २१ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नवीकरण गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ बमोजिमको निवेदन तथा सक्कल दर्ताप्रमाणपत्र पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु २५,०००।- | | |
| २२ | क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सहमतिपत्र प्रदान गर्ने | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ४ बमोजिमको विवरण तथा कागजात ॥ | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| २३ | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. १०,०००।- अनुमतिपत्र दस्तुर रु. १,५०,०००।- | | |
| २४ | क्रेडिट रेटिङ्ग कम्पनी को अनुमतिपत्र नवीकरण गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ११ बमोजिमको निवेदन तथा सक्कल अनुमितपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. १,००,०००।- | | |
| २५ | आस्वा सेवा अनुमति प्रदान गर्ने | धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ३, ४ र ५ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५,०००।- अनुमतिपत्र दस्तुर रु. २५,०००।- | | |
| २६ | आस्वा सेवा अनुमति नवीकरण | धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. २५,०००।- | | |

ग) वस्तु विनियम बजार नियम

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | वस्तु विनियम बजार सञ्चालन गर्न पूर्व स्वीकृति लिनुपर्ने | वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४ को नियम ३, ४ र ५ वमोजिमको कागजात तथा विवरण | निर्देशक, वस्तु विनियम बजार नियमन | ३० दिन | निवेदन दस्तुरः रु. २५,०००।-<br>पूर्व स्वीकृति शुल्कः रु. ५०,०००।- | उप कार्यकारी निर्देशक, वस्तु विनियम बजार नियमन | कार्यकारी निर्देशक, वस्तु विनियम बजार नियमन |
| २ | वस्तु विनियम बजार सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने | वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | १२० दिन | निवेदन दस्तुरः रु. २५,०००।-<br>अनुमति दस्तुरः रु. २५,००,०००।- | | |
| ३ | वस्तु विनियम बजार सञ्चालन गर्न अनुमतिपत्र नवीकरण | वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम कागजात तथा विवरण | | ३० दिन | नवीकरण दस्तुरः रु. ७५०,०००।- | | |
| ४ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र लिनुपर्ने | बजारसम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | ९० दिन | <u>राफसाफ तथा फर्स्योट</u><br>निवेदन दस्तुरः रु. २०,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ४००,०००।-<br><u>वेयर हाउस</u><br>निवेदन दस्तुरः रु. २०,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ५००,०००।-<br><u>बजार निर्माता</u><br>निवेदन दस्तुरः रु. २०,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ४००,०००।-<br><u>लगानी व्यवस्थापक</u><br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।-<br><u>लगानी परामर्शदाता</u><br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।-<br><u>संरक्षक (कस्टोडियन)</u><br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **वस्तु कारोबार दलाल**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**वस्तु कारोबार व्यापारी**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।- | | |
| ५ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ बमोजिम निवेदन | | | **नवीकरण दस्तुर**<br>राफसाफ तथा फर्स्योट: रु. १२०,०००।-<br>वेयर हाउस: रु. १५०,०००।-<br>बजार निर्माता: रु. १२०,०००।-<br>लगानी व्यवस्थापक: रु. ९०,०००।-<br>लगानी परामर्शदाता: रु. ९०,०००।-<br>संरक्षक (कस्टोडियन): रु. ९०,०००।-<br>वस्तु कारोबार दलाल: रु. ९०,०००।-<br>वस्तु कारोबार व्यापारी: रु. ९०,०००।- | | |
| घ) कानून प्रवलीकरण शाखा | | | | | | | |
| १ | लगानीकर्ता तथा धितोपत्र बजारमा असर पर्ने कुनै पनि गुनासाहरु समाधान गर्ने । | सम्बन्धित विषयमा आफ्नो गुनासो र त्यस गुनासोलाई पुष्टि गर्ने अन्य कागजात (कागजात भएको खण्डमा) । | निर्देशक, कानून प्रवलीकरण शाखा | धितोपत्र सम्बन्धी कसूर सम्बन्धमा बोर्डमा उजुरी दर्ता पश्चात धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नियमावलीहरुको व्यवस्था अनुसार उक्त उजुरी उपर अनुसन्धान तथा तहकिकात कार्य अगाडी बढाउने र बोर्डको टोलफ्रि तथा हटलाईन टेलिफोनबाट प्राप्त समस्या, गुनासो तथा जिज्ञासाको तत्समयमा सम्बन्धित महाशाखा, शाखासंग समन्वय गरी सम्बोधन गर्ने । | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, कानून तथा प्रवलीकरण महाशाखा | कार्यकारी निर्देशक, नियमन तथा व्यवस्थापन विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ङ) नीति तथा सूचना प्रविधि शाखा | | | | | | | |
| १ | अध्ययन तथा प्रकाशनसम्बन्धी जानकारी | | निर्देशक, नीति तथा सूचना प्रविधि शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, नीति, अनुसन्धान तथा योजना महाशाखा | कार्यकारी निर्देशक, सुपरिवेक्षण तथा अनुसन्धान विभाग |
| च) शिक्षा, तालिम तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | | | | | | | |
| १ | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी शिक्षा तथा तालिमको जानकारी | | निर्देशक, शिक्षा, तालिम तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, नीति, अनुसन्धान तथा योजना महाशाखा | कार्यकारी निर्देशक, सुपरिवेक्षण तथा अनुसन्धान विभाग |

## ६.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

बोर्डको काठमाडौं बाहिर कुनै पनि शाखा कार्यालय नरहेको ।

## ७. बोर्डको विभाग, महाशाखा र जिम्मेवार अधिकारी:

| सि.नं. | जिम्मेवार अधिकारी | बिभाग/महाशाखा /शाखा | टेलिफोन नं. |
|---|---|---|---|
| १ | **कार्यकारी निर्देशक**, श्री निरज गिरी | नियमन तथा व्यवस्थापन विभाग र बस्तु बजार नियमन तथा सुपरीवेक्षण तथा अनुसन्धान विभाग र बस्तु बजार सुपरिवेक्षण | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०७ |
| २ | **उप कार्यकारी निर्देशक**, श्री मुक्तिनाथ श्रेष्ठ | धितोपत्र व्यवसायी सुपरीवेक्षण महाशाखा र बस्तु बजार नियमन | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१५ |
| ३ | **उप कार्यकारी निर्देशक** , श्री विनयदेव आचार्य | धितोपत्र बजार, सिडिएस तथा कोष सुपरीवेक्षण महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०६ |
| ४ | **उप कार्यकारी निर्देशक**, डा. नवराज अधिकारी | नीति, अनुसन्धान तथा योजना महाशाखा र बस्तु बजार सुपरिवेक्षण | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं.४१५ |
| ५ | **उप कार्यकारी निर्देशक**, श्री कृष्ण राज पोखरेल | कानुन तथा प्रवलीकरण महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०८ |
| ६ | **उप कार्यकारी निर्देशक**, श्री रुपेश के. सी | नियमन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०७ |
| ७ | **उप कार्यकारी निर्देशक**, श्री दीपा दाहाल | व्यवस्थापन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०८ |
| ८ | **निर्देशक**, श्री कृष्ण प्रसाद घिमिरे | सूचीकृत कम्पनी सुपरीवेक्षण शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०८ |
| ९ | **निर्देशक**, श्री नारायण प्रसाद शर्मा | अनुसन्धान तथा सूचना प्रविधि शाखा र धितोपत्र बजार तथा व्यवसायी शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१३ |
| १० | **निर्देशक**, श्री अम्विका प्रसाद गिरी | वित्तीय व्यवस्थापन र धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता सुपरिवेक्षण शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०४ |
| ११ | **निर्देशक**, श्री निरञ्जय घिमिरे | कानून प्रवलीकरण र वस्तु विनिमय सुपरिवेक्षण | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१७ |
| १२ | **निर्देशक**, श्री दिपेश ताम्राकार | प्रशासन शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०४ |
| १३ | **निर्देशक**, श्री तेज प्रसाद देवकोटा | बस्तु विनिमय बजारको नियमन तथा मर्चेन्ट बैंकर सुपरिवेक्षण शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१६ |
| १४ | **निर्देशक**, श्री अम्बिका ओझा गुप्ता | संस्थागत वित्त शाखा तथा सामुहिक लगानी कोष शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. १११ |
| १५ | **निर्देशक**, श्री अञ्जु महतो | धितोपत्र बजार तथा सिडिएस सुपरीवेक्षण शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०९ |
| १६ | **निर्देशक**, श्री रितम्भरा बस्नेत | कानून शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०५ |

| | | | |
|---|---|---|---|
| १७ | **का.मु. निर्देशक,** श्री अनुज कुमार रिमाल | शिक्षा, तालिम तथा अर्न्तराष्ट्रिय सम्बन्ध शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१४ |
| १८ | **का.मु. निर्देशक,** श्री सुरज प्रधानाङ्ग | सामूहिक लगानी कोष सुपरीवेक्षण शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१७ |

## ८.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

बोडको सेवा प्राप्त गर्न बुंदा नं.४ को तालिकामा उल्लेख भए बमोजिमको शुल्क तथा समय लाग्दछ ।

## ९.निणर्य गर्ने प्रक्रिया र अधिकारी :

बोर्डमा गरिने निर्णयहरु धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम हुने गर्दछन् । बिभिन्न शाखाहरुबाट उठान भएको बिषयमा तहगत रुपमा राय पेश हुदै केही बिषयमा अध्यक्षज्यूबाट निर्णय हुन्छ । केही बिषयहरु संचालक समितिमा पेश भई सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## १०. निणर्यउपर उजुरी सुन्ने अधिकारी :

कार्यकारी अध्यक्ष

## ११.सम्पादन गरेको कामको विवरण :

आ.व. २०७७।७८ को तेस्रो त्रैमासम्ममा सम्पन्न भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :

**१. नियमावली, विनियमावली संशोधन तथा निर्देशिका जारी :**

**क) विशिष्टीकृत लगानी कोष नियमावली २०७५ मा संशोधन :**

नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बोर्डले मिति २०७७।४।०१ गतेदेखि लागू हुने गरी विशिष्टीकृत लगानी कोष नियमावली २०७५ संशोधन गरेको छ । यस नियमावलीमा भएको मुख्य मुख्य संशोधन देहाय अनुसार रहेको छ :

- विदेशमा दर्ता भएको कोष वा कोष व्यवस्थापकले प्रचलित नेपाल कानूनको अधिनमा रही त्यस्तो कोष वा कोष व्यवस्थापकको पूर्ण वा अधिकांश स्वामित्वमा नेपालमा कोष स्थापना वा कोष व्यवस्थापनको कार्य गर्न सक्ने व्यवस्था गरिएको छ ।
- प्राइभेट इक्वीटी फण्डको दायरा विस्तार गरी प्राइभेट इक्वीटीको परिभाषामा साधारण शेयरमा परिवर्तनीय धितोपत्र वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋण वा स्वःपूँजीसँग सम्बन्धित अन्य उपकरणमा लगानी गर्ने कोष भनी थप गरिएको छ ।
- भेन्चर क्यापिटल फण्डको दायरा विस्तार गरी परिभाषामा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋण लगानी गर्ने कोष समेत थप गरिएको छ ।
- योग्य लगानीकर्तामा द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थागत लगानीकर्ताको साथै विदेशी व्यक्ति, विदेशी फर्म, विदेशी कम्पनी, विदेशी संस्थागत लगानीकर्ता, विदेशमा दर्ता भएको कोष, विदेशी कोष व्यवस्थापक र अन्य यस्तै प्रकारको संगठित संस्थालाई समावेश गरिएको छ ।

ख) **सामूहिक लगानी कोष नियमावली,२०६७ मा संशोधन:**

बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भएको सामूहिक लगानी कोष (चौथो संशोधन) नियमावली, २०७७ मिति २०७७।०५।२४ देखि लागू गरेको छ । उक्त संशोधन मार्फत योजना व्यवस्थापकले खुलामुखी योजनाको इकाई पुर्नखरिद गर्दा लिने शुल्क (एक्जिट फि) योजनको आयमा लेखांकन गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै, योजना व्यवस्थापक र योजनाको लेखा परिक्षकको नियुक्ती गर्दा बोर्डलाई जानकारी दिई नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ ।

ग.) **बुक बिल्डिङ्ग निर्देशिका, २०७७ जारी** :

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ग ले बुक बिल्डिङ्ग विधिबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्था गरी यस सम्बन्धी थप प्रक्रियागत व्यवस्थाहरु निर्देशिकामा तोके बमोजिम हुने व्यवस्था गरेको सन्दर्भमा बुक बिल्डिङ्ग विधिलाई कार्यान्वयनमा ल्याउन बोर्डले मिति २०७७।०४।२२ बाट **बुक बिल्डिङ्ग निर्देशिका, २०७७** लागू गरेको छ । बुक बिल्डिङ्ग निर्देशिका, २०७७ का मुख्य व्यवस्थाहरु देहाय अनुसार रहेका छन् ।

- संगठित संस्थाले निष्काशन तथा विक्री प्रबन्धकको परामर्शमा धितोपत्रको अनुमानित मूल्य तथा मूल्यांकनको आधार र औचित्य समेत खुलाइएको प्रारम्भिक विवरणपत्र तयार गरी योग्य संस्थागत लगानीकर्तासँग छलफल कार्यक्रम (Roadshow) संचालन गर्नुपर्ने छ ।
- न्यूनतम १० योग्य संस्थागत लगानीकर्तासँग खरिद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरिद आशय मूल्य तथा मूल्यांकनको आधार सहित प्रारम्भिक विवरणपत्रको सम्बन्धमा सुझाव प्राप्त गर्नुपर्ने छ ।
- संगठित संस्थाले योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त आशय मूल्यको अध्ययन गरी आधार मूल्य तय गर्नुपर्ने र उक्त आधार मूल्यमा २० प्रतिशत थप गर्दा कायम हुने मूल्य माथिल्लो सीमा र २० प्रतिशत घटाउदा कायम हुने मूल्य तल्लो सीमा हुने गरी मूल्य सीमा निर्धारण गर्नुपर्ने छ ।
- बोर्डमा धितोपत्र दर्ता भई योग्य संस्थागत लगानीकर्तालाई निष्काशन गर्न तयार गरेको धितोपत्रको मूल्य सीमा सहितको विवरणपत्र स्वीकृत भएपश्चात् योग्य संस्थागत लगानीकर्तालाई बोलकबोल मार्फत् धितोपत्र निष्काशन गर्नुपर्ने छ ।
- कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न नपाइने तथा कबोल गरेको शत प्रतिशत रकम तोकिएको निष्काशन बैंक खातामा जम्मा गर्नुपर्ने वा आवेदकको बैंक खातामा रोक्का राख्नुपर्ने वा गुड फर पेमेन्ट चेक पेश गर्नुपर्ने छ ।
- स्टक एक्सचेञ्जले स्वचालित विद्युतीय बोल कबोल (विडिङ्ग) प्रणाली संचालन गर्नुपर्ने र स्वचालित विद्युतीय बोलकबोल प्रणाली संचालनमा नआउञ्जेल संगठित संस्थाले सिलबन्दी बोलकबोलमार्फत् धितोपत्रका लागि आवेदन माग गर्न सक्नेछ ।
- योग्य संस्थागत लगानीकर्तालाई निष्काशित धितोपत्र पूर्ण रुपमा बिक्री हुदाँ कायम हुने मूल्य (कट अफ मूल्य) निर्धारण गरी कट अफ मूल्य र सो भन्दा माथिल्लो मूल्यमा कबोल गर्ने सबै आवेदनकर्ताहरुलाई माग बमोजिमको धितोपत्र कट अफ मूल्यमा बाँडफाँड गर्नुपर्ने, कट अफ मूल्यमा आवेदन गर्ने लगानीकर्तालाई माग बमोजिमको धितोपत्र बाँडफाँट गर्न नपुगेमा समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्ने तथा बाँडफाँटमा नपरेको रकम बाँडफाँट भएको तीन कार्य दिनभित्र आर्जित व्याजसहित फिर्ता गर्नुपर्ने वा खाता फुकुवा गर्नुपर्ने छ ।

- सर्वसाधारण लगानीकर्तालाई कटअफ मूल्यमा १० प्रतिशत छुट दिई धितोपत्र निष्काशन गर्नुपर्ने छ ।
- सर्वसाधारणले धितोपत्र खरिदका लागि आवेदन दिने र बाँडफाँट हुने धितोपत्र संख्या न्यूनतम ५० कित्ता हुने छ ।

घ) **धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ जारी:**
अपराधजन्य कार्यबाट आर्जित आयलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४", "सम्पत्ति शुद्धीकरण ( मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३" तथा नेपाल धितोपत्र वोर्डबाट जारी भएको "सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६" मा भएको कानूनी व्यवस्थालाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा नेपाल धितोपत्र वोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी काम कारवाहीलाई थप नियमित तथा व्यवस्थित गर्नका लागी बोर्डले मिति २०७७।०६।१५ गते देखि सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा **धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७** लागू गरेको छ ।

ङ) केन्द्रिकृत विद्युतीय ग्राहक पहिचान विवरण (केवाईसी) सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७७ तर्जुमा गरी कार्यान्वयनका लागी मिति २०७७।७।५ मा सिडिएससिलाई पठाइएको ।

च) सिडिएससीबाट धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली, २०६९ को चौंथो संशोधन बोर्डको मिति २०७७।०९।१६ को बैठकबाट स्वीकृत गरिएको ।

छ) परिपत्र विधिबाट ऋणपत्र जारी गर्ने व्यवस्थामा सहजिकरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली" २०७३ मा चौंथो संसोधन गरी मिति २०७७।८।२५ बाट लागू गरिएको छ ।

ज) सिडिएससीबाट "धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली" २०६९ को पाँचौ संशोधन बोर्डको मिति २०७७।११।१० को बैठकबाट स्वीकृत गरिएको ।

झ) नेप्सेको मार्जिन कारोबार सुविधा सम्वन्धी कार्यविधि, २०७५ मा प्रथम शंसोधन मिति २०७७।११।१० मा गरिएको ।

**२. धितोपत्र निष्काशन अनुमति प्रदान :**
आ.ब. २०७७।०७८ को तेस्रो त्रैमाससम्ममा बोर्डले १४० संस्थाको करिब ९२.५४ अर्ब बराबरको पूँजी परिचालनका लागि विभिन्न धितोपत्रहरू निष्काशनका लागि अनुमति प्रदान गरेको छ । (यस सम्बन्धी विस्तृत विस्तृत विवरण अनुसूचि–१ मा राखिएको छ ।)

क) **साधारण सेयरको प्राथमिक निष्काशन स्वीकृति:** यस अवधिमा १४ संस्थाको करिब रू १३.३४ अर्ब बराबरको साधारण सेयर निष्काशनका लागि अनुमति प्रदान गरिएको छ ।

ख) **हकप्रद शेयर निष्काशन अनुमति प्रदान:** यस अवधिमा ५ सूचीकृत कम्पनीको करिब रू २.४८ अर्ब बराबरको हकप्रद शेयर निष्काशनका लागि अनुमति प्रदान गरिएको छ ।

ग) **ऋणपत्र निष्काशन स्वीकृति**: यस अवधिमा ११ सुचीकृत बैंक तथा वित्तीय सस्थाको रू ३३.१० अर्ब बराबरको ऋणपत्रको सार्वजनिक निष्काशनका लागि अनुमति प्रदान गरिएको छ ।

घ) **सामूहिक लगानी कोष योजना स्वीकृती**: यस अवधिमा ४ सामूहिक लगानी कोषको ३.७ अर्ब बराबरको योजना निष्कासनको लागि अनुमति प्रदान गरिएको छ ।

ङ) **बोनस शेयर दर्ता**: यस अवधिमा १०६ सूचीकृत कम्पनीको करिब रू ३९.९० अर्ब बराबरको बोनस शेयर दर्ता गरिएको छ ।

**३. इजाजतपत्र प्रदानः**

बोर्डले देहाय बमोजिमको संस्थालाई मर्चेन्ट बैंकिग व्यवसाय, निक्षेप सदस्य तथा सामूहिक लगानी कोषका लगायतका व्यवसाय सञ्चालनका लागि अनुमति प्रदान गरेको छः

**क. मर्चेण्ट बैंकिङ्ग**

१. श्री सम्पन्न क्यापिटल एण्ड एड्भाइजरी नेपाल लिमिटेड,
नयाँ बानेश्वर, काठमाण्डौ । कार्यः संस्थागत परामर्श सेवा मिति २०७७।०८।०५

यो थप संस्था सहित हाल मर्चेन्ट बैंकरको संख्या ३० पुगेको छ ।

**ख. सामूहिक लगानी कोष**

**१. राष्ट्रिय बाणिज्य बैंक लि. को आरविवि म्युचुअल फण्ड** मिति २०७७।०४।२५

यो थप भएको संस्था सहित सामूहिक लगानी कोष संचालन गर्ने संस्थाको संख्या १५ पुगेको छ ।

**ग. योजना व्यवस्थापक तथा डिपोजिटरी**

१. कुमारी क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ । मितिः २०७७।०६।०९
२. प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ । मितिः २०७७।०९।१३
३. आरविवि मर्चेण्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ । मिति २०७७।१०।२१

यो थप भएका तीन वटा संस्था सहित हाल योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने संस्थाको संख्या १३ पुगेको छ ।

**४. कोष सुपरिवेक्षक नियुक्ति स्वीकृति :**

क. **कुमारी सामूहिक लगानी कोष, मिति २०७७।०७।२५**

१) श्री सूर्य प्रसाद कोइराला, का.म.न.पा. ३२, काठमाण्डौ ।
२) श्री भरत राज पोखरेल, धरान- ११, सुनसरी ।
३) श्री कृष्ण प्रसाद ज्ञवाली, रुरु-१, गुल्मी ।
४) श्री नवराज बुर्लाकोटी, सल्यानटार-७, धादिङ्ग ।
५) श्री प्रजित प्रसाद तिमिल्सिना, कलैया-१०, बारा ।

ख. **एन आई सी एशिया बैंक म्युचुअल फण्ड, मितिः २०७७।०८।०३**

१) श्री महेन्द्र नाथ कर्माचार्य, बनेपा न.पा. ५, काभ्रेपलाञ्चोक ।

ग. **प्रभु म्युचुअल फण्ड, मितिः २०७७।०८।१६**

१) सविन बिक्रम पन्त, भम्सिखेल-२, ललितपुर ।

२) अर्जुन लाल राजवंशी, शान्तिनगर-३१, काठमाडौं ।
३) मदन कुमार निरौला, पंचावती-९, उदयपुर ।
४) नारायण देशार, चापागाउँ-१, ललितपुर ।
५) योगेन्द्र गौचन, तमान-८, बाग्लुङ्ग ।

**घ. आरविवि म्युचुअल फण्ड, मितिः २०७७०९।१३**

१) श्री प्रकाश जंग थापा, नारेश्वर-३, गोरखा ।
२) श्री दुर्गा राज रेग्मी, थापाठाना-६, पर्वत ।
३) श्री सानु राज पोखरेल, माम्खा-४, ओखलढुङ्गा ।
४) प्रा. डा. डिल्ली राज शर्मा, भगवती-५, अर्घाखाची ।
५) श्री जनक बहादुर अधिकारी, वाङ्ला-८, अर्घाखाची ।

**ङ. एनआईबिएल म्युचुअल फण्ड, मिति २०७७।१२।०४**

**५ क्रेडिट रेटिङ्ग कम्पनीः सहमतिपत्र**

१. इन्फोमेरिक्स् भ्यालुयशन एण्ड रेटिङ्ग प्रा. लि., मितिः २०७७।०६।०७
यो संस्थालाई क्रेडिट रेटिङ्ग कम्पनीको संचालन गर्ने स्वीकृति प्रदान गरेसंगै क्रेडिट रेटिङ्ग कम्पनीको संख्या ३ पुग्ने छ ।

**६. धितोपत्र व्यापारी**

नागरिक स्टक डिलर कम्पनी लि., नयाँ बानेश्वर, काठमाण्डौ लाई मितिः २०७७।१०।०९ मा संचालन अनुमति प्रदान गरिएको छ । यो नेपालको पहिलो स्टक डिलर ( Stock Dealer) कम्पनीको रुपमा स्थापना भएको छ ।

**७. योग्य संस्थागत लगानीकर्ता दर्ता**

Book Building मा भाग लिने प्रयोजनका लागि यसै बर्षदेखी योग्य संस्थागत लगानीकर्ताहरुको दर्ता सुरु गरिएको हो । २०७७ चैत्र मसान्तसम्मको देहायका कुल ७४ वटा संस्थालाई स्वीकृति प्रदान गरिएको छ ।

| मितिः २०७७०९।२३ मा स्वीकृत भएका संस्थाहरु | | | |
|---|---|---|---|
| १ | प्रभु क्यापिटल लि. | २४ | कृति भेन्चर फण्ड लि. |
| २ | मुक्तिनाथ क्यापिटल लि. | २५ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. |
| ३ | एनआइसी एशिया क्यापिटल लि. | २६ | कुमारी क्यापिटल लि. |
| ४ | अल्फा क्यापिटल लि. | २७ | सेञ्चुरी क्यापिटल मार्केट्स लि. |
| ५ | आरविवि मर्चेण्ट बैंकिङ्ग लि. | २८ | प्रभु बैंक लि. |
| ६ | लुम्बिनी विकास बैंक लि. | २९ | आकाश क्यापिटल लि. |
| ७ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ३० | लक्ष्मी क्यापिटल मार्केट लि. |
| ८ | हिमालयन क्यापिटल लि. | ३१ | लक्ष्मी उन्नती कोष |
| ९ | ग्लोबल आइएमई बैंक लि. | ३२ | लक्ष्मी इक्वीटि फण्ड |
| १० | ग्लोबल आइएमई क्यापिटल लि. | ३३ | एनएलजी इन्स्योरेन्स कम्पनी लि. |
| ११ | ग्लोबल आइएमई समुन्त योजना-१ | ३४ | टिम भेञ्चर्स प्रा. लि. |
| १२ | सिभिल क्यापिटल मार्केट लि. | ३५ | हाथवे इन्भेष्टमेन्ट नेपाल लि. |

| | | | |
|---|---|---|---|
| १३ | के.सी.एल अस्टचूट क्यापिटल लि. | ३६ | आइएमई इन्भेष्टमेन्ट प्रा. लि. |
| १४ | सिद्धार्थ क्यापिटल लि. | ३७ | डि.डि. इन्भेष्टमेन्ट प्रा. लि. |
| १५ | सांग्रिला डेभलपमेन्ट बैंक लि. | ३८ | आइएमई होल्डिङ्ग प्रा. लि. |
| १६ | माछापुच्छ्रे क्यापिटल लि. | ३९ | सानिमा क्यापिटल लि. |
| १७ | माछापुच्छ्रे बैंक लि. | ४० | सानिमा इक्वीटी फण्ड |
| १८ | नेशनल मर्चेण्ट बैंकर लि. | ४१ | रिलायन्स लाइफ इन्स्योरन्स लि. |
| १९ | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. | ४२ | सिद्धार्थ बैंक लि. |
| २० | बि.ओ.के. क्यापिटल मार्केट लि. | ४३ | मेगा क्यापिटल मार्केट्स लि. |
| २१ | एनआईबिएल एस क्यापिटल लि. | ४४ | सनराइज क्यापिटल लि. |
| २२ | एनआईबिएल सहभागिता फण्ड | ४५ | सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२ |
| २३ | एनआईबिएल प्रगति फण्ड | ४६ | सिद्धार्थ इक्वीटी फण्ड |

| | | | |
|---|---|---|---|
| मितिः २०७७।१०।२० मा स्वीकृत भएका थप संस्थाहरु | | | |
| ४७ | भेन्चर क्यापिटल प्रा. लि. | ५६ | एनएमबि फिफ्टी (५०) |
| ४८ | एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | ५७ | एन आई सी एशिया ग्रोथ फण्ड |
| ४९ | सायन होल्डिङ्ग कम्पनी प्रा. लि. | ५८ | एन आई सी एशिया ब्यालेन्सड् फण्ड |
| ५० | नागरिक लगानी कोष | ५९ | एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड |
| ५१ | नवील इन्भेष्टमेन्ट बैंकिङ्ग लि. | ६० | एनएमबि बैंक लि. |
| ५२ | नबिल ब्यालेन्सड् फण्ड २ | ६१ | नेपाल बगंलादेश क्यापिटल लि. |
| ५३ | नबिल इक्वीटी फण्ड | ६२ | सम्पन्न क्यापिटल एण्ड एडभाइजरी नेपाल लि. |
| ५४ | एनएमवि क्यापिटल लि. | ६३ | नागरिक स्टक डिलर कम्पनी लि. |
| ५५ | एनएमबि हाइब्रिड फण्ड एल-१ | ६४ | सिटी एक्सप्रेस इन्भेष्टमेन्ट फण्ड प्रा.लि. |
| मितिः २०७७।११।२५ मा स्वीकृत भएका थप संस्थाहरु | | | |
| ६५ | उषा इन्भेष्टमेन्ट प्रा. लि. | ७० | युनाईटेड इदी मर्दी एण्ड आर.बि. हाईड्रोपावर लि. |
| ६६ | कुमारी बैंक लि. | ७१ | विशाल ग्रुप लि. |
| ६७ | सनराइज बैंक लि. | ७२ | श्री गणेश प्रोपर्टीज एण्ड एन्भेष्टमेन्ट प्रा. लि. |
| ६८ | लक्ष्मी बैंक लि. | ७३ | प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कं. प्रा. लि. |
| ६९ | गुडविल फाइनान्स लि. | ७४ | सिड इन्फ्रा प्रा. लि. |

## ८. निक्षेप सदस्य

१) स्वर्णलक्ष्मी सेक्यूरिटिज प्रा. लि., पुतलीसडक, काठमाडौं । मिति २०७७।११।०९

२) सम्पन्न क्यापिटल एण्ड एडभाइजरी नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं । मिति २०७७।११।०९

यी दुई थप संस्था सहित हाल निक्षेप सदस्यको संख्या ७७ पुगेको छ ।

## ९. अनुमतिपत्र नविकरण

बोर्डले यस अविधमा नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि लगायत २ वटा क्रेडिट रेटिङ्ग कम्पनी, २९ वटा धितोपत्र व्यवसायी मर्चेण्ट बैंकर, १० वटा योजना व्यवस्थापक तथा डिपोजिटरी, ५० वटा धितोपत्र दलाल व्यवसायीहरु र ७५ वटा निक्षेप सदस्यहरूको अनुमतिपत्र नविकरण गरेको छ ।

### १०. सूचना प्रविधिको प्रयोग :

धितोपत्र बजार सहभागीले बोर्डमा पेश गर्नुपर्ने वित्तीय तथा अन्य विवरण आफै आई कागजात पेश गर्नु पर्ने व्यवस्थालाई हटाई विद्युतीय माध्यमबाट पेश गर्नसक्ने र लगानीकर्ताले सूचिकृत कम्पनी सम्बन्धि विवरण प्राप्त गर्न सक्ने Electronic Reporting and Retrieval System-ERRS प्रणालीको विकास गरी यसै अवधिमा प्रयोगमा ल्याईएको हो । हाल उक्त प्रणाली कार्यान्वयनमा ल्याउन बजार सहभागीहरुले Login Number र Password वितरणको कार्य भैरहेको छ । परिक्षणका रुपमा उपत्यका बाहिरका ६५ वटा बैंक तथा वित्तीय संस्थाले उक्त सिस्टमको माध्यमबाट User ID & Password प्राप्त गरी विद्युतिय माध्यमबाट रिर्पोटिङ्ग गरेको ।

### ११. निरिक्षण तथा सुपरिवेक्षण :

आर्थिक बर्षको तेस्रो त्रैमासिक अवधिमाा ५ वटा धितोपत्र दलाल व्यवसायीहरु तथा ७ वटा मचेन्ट बैंकहरुको स्थलगत निरिक्षण गरिएको छ । गैरस्थलगत तर्फ ५० वटा दलाल व्यवसायीहरुको सुपरिवेक्षण गरिएको छ ।

### १२. गुनासो र गुनासोको सुनवाई :

आर्थिक बर्षको तेस्रो त्रैमासिक अवधि सम्ममा लिखित रुपमा बोर्डमा ४५ उजुरी/गुनासो दर्ता भएकोमा ३२ उजुरी/गुनासो उपर कारवाही सम्पन्न गरि समाधान गरिएको, २ उजुरी/गुनासो सम्वन्धित सुपरिवेक्षण महाशाखामा कारवाहीको लागी पठाइएको, २ उजुरी/गुनासो तामेलीमा रहेको, २ निवेदन बोधार्थ, जानकारी तथा सुझावको रुपमा प्राप्त भएको र ७ उजुरी/गुनासो समाधानको प्रकृयामा रहेको छ । त्यस्तै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारको वेब पोर्टलमार्फत ३२ उजुरी/गुनासो प्राप्त भएकोमा ३० उजुरी/गुनासो उपर कारवाही सम्पन्न गरि फर्स्यौट भइसकेको छ र २ उजुरी/गुनासो कार्य प्रकृयामा रहेको छ । बोर्डको टोलफ्रि तथा हटलाइन टेलिफोनबाट प्राप्त गुनासो तथा जिज्ञासाको ततसमयमा सम्वन्धित महाशाखा, शाखामा जानकारी गराइ समाधान गरिएको छ

### १३. विविध:

- विभिन्न कार्यक्रमहरु गरी विश्व लगानीकर्ता सप्ताह २०२० अर्न्तगत २०२० अक्टोबर ५-११ मा सम्पन्न भएको ।
- कार्यालयको लागि उपयुक्त भवनको खोजी गर्न विज्ञापन भए अनुसार जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी मिति २०७७।०८।२८ मा घर बहाल सम्बन्धि सम्झौता सम्पन्न भई मिति २०७७।१०।०१ बाट खुमलटारमा बोर्ड कार्यालय सरेको ।
- विभिन्न संघ संस्थाको समन्वयमा दुई स्थान (भकुण्डेबेसी-काभ्रे र रत्ननगर-चितवन) मा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- बोर्डले आफ्नै कार्यालय भवन बनाउने उदेश्यले काठमाडौं उपत्यका विकास प्राधिकरणको नाममा रहेको काठमाण्डौ जडिबुटी, स्थित ७ रोपनी जग्गा खरिदको प्रक्रिया अगाडी बढाएको छ ।
- **अध्ययन अनुसन्धान :**
  - Investors Hand Book को प्रकाशन गरिएको ।
  - बोर्डको चार बर्षे रणनितिक योजनाको तर्जुमा गरिएको ।
  - बोर्ड र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था विच समझदारीपत्र तथा सहयोग २०७७।१२।१६ मा सम्झौता गरिएको ।

- बोर्डको Toronto centre, Canada संग दक्षता अभिवृद्धिको लागि मिति २०७७।११।१० मा MOU गरिएको ।
- Capital Market Developmenr / IT Road Map को अध्ययन तथा योजना तर्जुमा को लागी DFID संग प्राविधिक सहयोगमा अध्ययन आरम्भ गरिएको ।
- बोर्डको संगठनात्मक संरचनालाई समय सापेक्ष बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुरुप नयां विभाग समेत थप गरी जनशक्ति आपूर्ति गर्न अर्थ मन्त्रालयबाट स्वीकृती प्रदान भएको ।

## १२. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर :

**प्रमुख**
श्री भिष्म राज ढुगांना
कार्यकारी अध्यक्ष
०१-५५४१०५७, ५५५०५११, ५५५११९६२
एक्सटेन्सन नं. ३०१

**सुचना अधिकारी**
श्री दीपा दाहाल
उप कार्यकारी निर्देशक
०१-५५४१०५७, ५५५०५११
एक्सटेन्सन नं. ३०८

## १३ ऐन नियम विनियम र निर्देशिकाको सूची :

- **ऐनहरु**
  क. धितोपत्र सम्बन्धी ऐन, २०६३
  ख. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४
- **धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नियमावलीहरु**
  क. नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
  ख. धितोपत्र बजार संचालन नियमावली, २०६४
  ग. धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४
  घ. धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
  ङ. सामूहिक लगानी कोष नियमावली, २०६७
  च. धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
  छ. क्रेडिट रेटिङ्ग नियमावली, २०६८
  ज. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
  झ. वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४
  ञ. धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५

- **निर्देशिकाहरु**

  क. लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७

  ख. सामूहिक लगानी कोष निर्देशिका, २०६९

  ग. धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३,

  घ. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४

  ड. सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४

  च. धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४

  छ..सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय लगानी निवारण निर्देशिका, २०७४

  ज. बुक बिल्डिङ्ग निर्देशिका, २०७७

- **विनियमावलीहरु**

  क. सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२

  ख. सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार संचालन विनियमावली, २०६२

  ग. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८

  घ. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९

  ङ. धितोपत्र सूचीकरण विनियमावली, २०७५

  च. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५

***माथी उल्लेखित भएको ऐन, नियम, विनियम र निर्देशिकाहरु बोर्डको वेवसाईटमा समेत राखिएको छ ।***

१४. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण :

आय व्यय हिसाब (अपरिष्कृत)

२०७७ श्रावण १ देखि २०७७ चैत्र ३० गते सम्मको

| विवरण | २०७७ चैत्र मसान्तसम्म (रकम रु) |
|---|---|
| आय तर्फ | |
| धितोपत्र बजारबाट आम्दानी | ४४५,६८६,१२१ |
| ब्याज आम्दानी | ६१,५८७,१५० |
| बिविध आम्दानी | १,१७७,७९७ |
| **जम्मा आम्दानी** | **५०८,४५१,०६८** |
| व्यय तर्फ | |
| कर्मचारी खर्च | ४५,७४९,५६५ |
| अन्य प्रशासकिय खर्च | २१,९५९,७८५ |
| ह्रास कट्टि खर्च | ३,९६५,७३९ |
| **जम्मा खर्च** | **७१,६७५,०८९** |
| **आयकर अधिको बचत** | **४३६,७७५,९७९** |
| **कर खर्च** | |
| चालु कर खर्च | १३१,०३२,७९४ |
| **कुल कर खर्च** | **१३१,०३२,७९४** |
| **बाँडफाँडका लागि सारिएको रकम** | **३०५,७४३,१८६** |

## वासलात (अपरिष्कृत)
## २०७७ चैत्र ३० गतेको

| विवरण | २०७७ चैत्र ३० (रकम रु.) |
|---|---|
| **कोष तथा जगेडा** | |
| कोष तथा जगेडाहरु | १,६३७,६३५,९६१ |
| **जम्मा** | **१,६३७,६३५,९६१** |
| **सम्पत्ति** | |
| **स्थिर सम्पत्ति** | **२८,९७५,५०९** |
| **लगानी** | **९५२,९२७,८६१** |
| **चालु सम्पत्ति** | |
| बैंक मौज्दात | २९५,५३९,७६२ |
| पेश्की, धरौटी तथा अग्रिम भुक्तानी | ५४५,४२४,६४७ |
| स्थगन कर सम्पत्ति | २३,६५२,४१२ |
| प्राप्त गर्नुपर्ने आम्दानी | १४,८७९,८१७ |
| **कुल चालु सम्पत्ति** | **८७९,४९६,६३८** |
| न्युन: चालु दायित्व | (१६६,३७७,०८५) |
| न्युन : व्यवस्था | (५७,३८६,९६२) |
| **खुद चालु सम्पत्ति** | **६५५,७३२,५९१** |
| **जम्मा** | **१,६३७,६३५,९६१** |

१५. **अघिल्लो आर्थिक वर्षमा बोर्डले आयोजना गरेको कार्यक्रमको विवरण:**

बोर्डको आयोजनामा भएको प्रमुख कार्यक्रमहरु देहाय बमोजिम रहेको छ ।

- विश्व लगानी कर्ता सप्ताह, अक्टोबर २-८, २०१९ मा पूंजीबजार सम्बन्धी विभिन्न जानकारी तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना ।
- अनलाइन मार्फत लगानीकर्ता प्रशिक्षणसम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन गरिएको ।
- बोर्डको आ.व. २०७७७८ का नीति तथा कार्यक्रम तयारीका क्रममा सुझाव संकलन तथा छलफल गरिएको ।

१६. <u>बोर्डको वेभसाईटको विवरण :</u>

www.sebon.gov.np

१७ <u>बोर्डको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण :</u>

- नेपाल धितोपत्र बोर्ड समाचार
- Quarterly Indicators
- वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली)
- नेपाल धितोपत्र बोर्ड एक परिचय
- धितोपत्र बजार तथा वस्तु बजारबारे बारबार सोधिने प्रश्नहरु
- पूँजी बजारसम्बन्धी साक्षरता
- नेपाल धितोपत्र बोर्ड एक परिचय संक्षिप्तमा
- प्रादेशिक प्रोफाइल
- बिभिन्न राष्ट्रिय दैनिकहरुमा आवश्यकत्ता अनुसार सुचनाहरु प्रकाशन हुने गरेको ।

१८. अन्य विवरण :

धितोपत्र बोर्डको सम्पर्क ठेगाना तथा टेलिफोन नम्बरहरुः

नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर
पो.बं.नं. ९०३१,
फोन नं. ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७ फ्याक्स नं. ००९७७-१-५५४१०५८
टोल फि नं.१६६००१४४४३३
इमेलः support@sebon.gov

## अनुसूचि–१

## आ.व. २०७७।७८ को तेस्रो त्रैमाससम्मको धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी विवरण

| क्र. सं. | निष्काशनको प्रकार | दर्ता संख्या | दर्ता भएको धितोपत्र | | निष्काशन गरिने धितोपत्र | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १ | प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) | १४ | ४०९,९६५,९२२ | ४१,००४,७४६,३२० | १३३,४०६,९५१ | १३,३४८,८४९,२२० |
| २ | हकप्रद (Right Issue) | ५ | २४,८२७,०७० | २,४८२,७०७,०२५ | २४,८२७,०७० | २,४८२,७०७,०२५ |
| ३ | थप सार्वजनिक निष्काशन (FPO) | ० | – | – | – | – |
| ४ | ऋणपत्र (Debenture (@Rs.1000) | ११ | ३३,१००,००० | ३३,१००,०००,००० | ३३,१००,००० | ३३,१००,०००,००० |
| ५ | सामूहिक लागानी कोष योजना (Mutual Fund Scheme@Rs. 10 per unit) | ४ | ३७०,०००,००० | ३,७००,०००,००० | ३७०,०००,००० | ३,७००,०००,००० |
| ६ | बोनस शेयर दर्ता (Bonus Registration) | १०६ | ३९९,०९२,४६९ | ३९,९०९,२४६,८८६ | ३९९,०९२,४६९ | ३९,९०९,२४६,८८६ |
| जम्मा | | | १,२३६,९८५,४६१ | १२०,१९६,७००,२३१ | ९६०,४२६,४९० | ९२,५४०,८०३,१३१ |